# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय
बुद्धनगर, काठमाण्डौ

## समस्याग्रस्त घोषित सहकारी संस्थाका बचतकर्ता तथा सरोकारवालाको लागि अत्यन्त जुरुरी सूचना।

**(सूचना प्रकाशित मितिः २०८१/१२/२३)**

नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट विभिन्न मितिमा सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भै सोही ऐनको दफा १०५ बमोजिम सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि यस समिति समक्ष आएका सहकारी संस्थाका नामका व्यवस्थापनका कार्यहरु हामीबाट हुन्छ भन्दै श्री लालिगुँरास बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लगायत यस समितिमा रहेका अन्य समस्याग्रस्त सहकारीहरुका बचतकर्ताहरुको नाममा यस समितिको स्वीकृति विना भ्रामक एस.एम.एस., फोन सम्पर्क जस्ता माध्यमहरु मार्फत अनाधिकृत कार्यहरु गरिएको प्रति यस समितिको गम्भीर ध्यानाकर्षण भएको छ । संस्थाका पीडित बचतकर्ताहरुले कुनै कसैसँग पनि यस समितिको स्वीकृत विना प्रकाशित वा सम्प्रेषित भएका यस्ता भ्रामक एस.एम.एस/सूचनाका पछी नलाग्नु हुन यस समितिलको विनम्र अनुरोध छ । यसरी समितिको स्वीकृति विना बचत फिर्ता गर्छौं भन्ने गैह्र कानुनी क्रियाकलाप गरी भ्रामक सूचना पठाई बचतकर्ताहरुलाई भ्रममा राख्ने कुनै पनि संघ, संस्था वा व्यक्तिहरुलाई प्रचलित कानून बमोजिम कारवाहिका लागि सम्बन्धित निकायमा लेखी पठाईने व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि सूचना प्रकाशित छ । आधिकारीक सूचनाहरु यस समितिको वेव साइट www.coopmc.gov.np मा गई हेर्नु होला ।

**मितिः २०८१/१२/२२ गते**